प.सं. **आइ.सि.एफ.सि. /०८२-०८३/प्र.शा./** १६८

मिति : २०८२/०९/०९

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरवारप्लाजा, काठमाण्डौ ।

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।

**बिषय : बाइसौं वार्षिक साधारण सभाको निर्णय सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस संस्थाको २०८२ साल मंसिर २९ गतेका दिन सम्पन्न बाइसौं बार्षिक साधारण सभाको निर्णय (माइन्युट) यसै पत्रसाथ संलग्न गरी पठाइएको व्यहोरा सादर अनुरोध गर्दछौं ।

संलग्नः-
१ थान बाइसौं बार्षिक साधारण सभाको निर्णय (माइन्युट)

भबदिय,

ICFC FINANCE LIMITED ICFC

.............................
लक्ष्मणप्रसाद जैसी
कम्पनी सचिव

# आइ.सि.एफ.सि.फाइनान्स लिमिटेडको
# मिति २०८२ मंसिर २९ गते सोमबारका दिन सम्पन्न भएको
# बाइसौं वार्षिक साधारण सभाको निर्णय माइन्युटको विवरण

भाटभटेनी, काठमाण्डौ ।

**आइ.सि.एफ.सि फाइनान्स लिमिटेडको**
**बाइसौं वार्षिक साधारण सभाको**
**निर्णयको विवरण**

आइ.सि.एफ.सि.फाइनान्स लिमिटेडको बाइसौं वार्षिक साधारण सभा कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री सुशीलकुमार अर्यालज्यूको सभापतित्वमा देहाय बमोजिम गरी सम्पन्न भयो ।

## १) सभा भएको मिति, समय र स्थान

मिति : २०८२ मंसिर २९ गते सोमबार (तद्नुसार डिसेम्बर १५, २०२५)
समय : बिहान १०:०० बजे ।
स्थान : बौद्ध हेरिटेज, पिपलबोट बौद्ध, काठमाण्डौ ।

## २) सभाको सूचना प्रकाशन

(क) यस कम्पनीको मिति २०८२/०८/०७ गते आइतबारका दिन बसेको सञ्चालक समितिको ३५६औं बैठकले निर्णय गरे बमोजिम कम्पनीको बाइसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) तथा कम्पनीको नियमावलीको नियम ४ को उपनियम (३) अनुसार मिति २०८२ मंसिर ०८ गते र २०८२ मंसिर १७ गते क्रमशः न्यूज २४ राष्ट्रिय दैनिक र आर्थिक अभियान राष्ट्रिय दैनिकमा गरी २ पटक सूचना प्रकाशित गरिएको ।

(ख) कम्पनी ऐन, २०६३ को दफा १०९ बमोजिम वार्षिक प्रतिवेदन, कम्पनीको वित्तीय विवरणहरु, सम्बन्धित शेयरधनीहरुको ठेगानामा बाइसौं वार्षिक साधारणसभा बस्ने बारेको सूचना साथ संलग्न गरी पठाईएको ।

(ग) कम्पनी ऐन, २०६३ को दफा ७९ बमोजिम साधारण सभामा छलफल गरिने वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन, कम्पनी ऐनको दफा ७८ अनुसार तयार गरिएको प्रतिवेदन र सभामा छलफल हुने प्रस्तावहरु सभा हुनुभन्दा एक्काईस दिन अगावै तयार गरी कम्पनीको रजिष्टर्ड कार्यालयमा शेयरधनीहरुले निरीक्षण गर्न पाउने व्यवस्था गरिएको ।

(घ) साधारण सभामा पर्यवेक्षकको रुपमा उपस्थित हुन कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्ज लिमिटेड र सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडलाई अनुरोध गरी पत्राचार गरिएको ।

(ङ) साधारण सभामा आमन्त्रित भईदिनका लागि बाह्य लेखापरीक्षक श्री एन. अमात्य एण्ड कं. चार्टर्ड एकाउन्टेन्टस् र कानूनी सल्लाहाकार बरिष्ठ अधिवक्ता श्री नरेन्द्रप्रसाद गौतमलाई अनुरोध गरी पत्राचार गरिएको ।

## ३) सभामा प्रस्तुत छलफलका विषयहरु

### क. सामान्य प्रस्तावहरु

१. आर्थिक वर्ष २०८१/८२ को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तसम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०८१/८२ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण उपर छलफल गरी स्वीकृत गर्ने ।

३. संचालक समितिबाट प्रस्ताव गरे बमोजिम कम्पनीको चुक्ता पूँजीको १५.७८९५ प्रतिशतका दरले हुने नगद लाभांश रु. १८,६८,६४,१४७/२३ (अक्षरुपी अठार करोड अठसट्ठी लाख चौसट्ठी हजार एक सय सत्तचालीस र दुई तीन पैसा मात्र । ) (नगद लाभांशको कर प्रयोजनको लागि समेत) वितरण गर्न स्वीकृत गर्ने ।

ICFC FINANCE LIMITED ICFC

४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८२/८३ को लागि बाह्य लेखा परीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३(२) को प्रतिबन्धात्मक वाक्यांश अनुसार बर्तमान लेखापरीक्षक श्री एन.अमात्य एण्ड कं. चार्टड एकाउन्टेन्टस् पुन:नियूक्ति हुन सक्नुहुने छैन ।)

**ख. विशेष प्रस्ताव**

१. सञ्चालकको सेवा सुविधा थप गर्ने र सो अनुरुप संस्थाको नियमावलीको दफा २९(ख) र २९(ग) मा संशोधन गर्ने बारे ।

२. कम्पनीको नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट कुनै फेरवदल सुझाव भएमा सो अनुसार आवश्यक फेरवदल गर्न सञ्चालक समितिलाई अख्तियारी दिन स्वीकृत गर्ने ।

**ग. विविध**

४) **सभामा उपस्थिति**

(क) **संचालकहरुको उपस्थिति**

| | |
|---|---|
| श्री सुशीलकुमार अर्याल | अध्यक्ष |
| श्री अच्युतराज आचार्य | सञ्चालक |
| श्री रचना अधिकारी | सञ्चालक |
| श्री हेमशिखा जोशी (गर्ग) | सञ्चालक |
| श्री सफल भट्टराई | सञ्चालक |
| श्री बिजय मान श्रेष्ठ | सञ्चालक |
| श्री रामराज खकुरेल | सञ्चालक |

(ख) **पर्यवेक्षक, आमन्त्रित एवं पदाधिकारी**

१. श्री कम्पनी रजिष्ट्रारको कार्यालय, श्री दिवस राई, कम्प्युटर अपरेटर
२. श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, श्री बाल शंकर थापा रेश्मी, वरिष्ठ आई.टी. अधिकृत
३. श्री सुनिल पन्त, प्रमुख कार्यकारी अधिकृत
४. श्री अमित श्रेष्ठ, नायव प्रमुख कार्यकारी अधिकृत
५. श्री लक्ष्मणप्रसाद जैसी, कम्पनी सचिव तथा नायव महाप्रबन्धक
६. श्री संजय थपलिया, सहायक महाप्रबन्धक
७. श्री रोनेश चित्रकार, प्रबन्धक
८. श्री अच्युतराज आचार्य, प्रबन्धक
९. श्री पुजा जोशी, प्रबन्धक
१०. श्री सागरनिधि तिवारी, नायव प्रबन्धक
११. कानूनी सल्लाहाकार बरिष्ठ अधिवक्ता श्री नरेन्द्रप्रसाद गौतम

(ग) **शेयरधनीको उपस्थिति**

| | |
|---|---|
| (क) शेयरधनी स्वयं | १४९ |
| (ख) प्रोक्सीबाट | ७९ |
| **जम्मा उपस्थित** | **२२८** |

ICFC FINANCE LIMITED

५)	**सभाको गणपुरक संख्या**

| शेयर तथा शेयरधनी | जम्मा शेयर, शेयरधनी संख्या | स्वयं उपस्थित | प्रतिनिधि मार्फत उपस्थित | जम्मा उपस्थित | शेयरको प्रतिनिधित्व (प्रतिशतमा) |
|---|---|---|---|---|---|
| शेयर | १,१८,३४,७०९.६० | २,९०६,५८१.३८ | ३,५४०,३६६.८५ | ६,४४६,९४८.२३ | ५४.४७ |
| शेयरधनी | २४,४५९ | १८४ | ५४ | २३८ | ०.९७ |

६)	**सभाको वैधानिकता**

सभा संचालन गर्नका लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा कम्पनीको नियमावली बमोजिम कुल शेयर संख्याको पचास प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये तीन जना शेयरधनीहरु स्वयं वा आफ्नो प्रतिनिधिमार्फत उपस्थिति हुनुपर्ने प्रावधान अनुसार कम्पनीको बाइसौं वार्षिक साधारण सभामा कूल शेयर संख्या मध्ये ५४.४७ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने १८४ जना शेयरधनीहरु स्वयं सभामा उपस्थित भएको र ५४ जना प्रतिनिधि मार्फत उपस्थित भई कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावली बमोजिम सभा संचालन गर्नका लागि गणपुरक संख्या पुगी सभा वैधानिक रहेको कुरा कम्पनी सचिव श्री लक्ष्मणप्रसाद जैसीज्यूले सभालाई जानकारी गराउनु भयो । साथै, कम्पनी सचिवले संचालक समितिका अध्यक्ष श्री सुशीलकुमार अर्यालज्युलाई सभाको सभापतित्व ग्रहण गरि सभालाई अगाडी बढाउन अनुरोध गर्नुभयो ।

७)	**सभाको सभापतित्व**

वार्षिक साधारण सभाको सभापतित्व कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा (१) बमोजिम संचालक समितिका अध्यक्ष श्री सुशीलकुमार अर्यालज्यूले सभापतिको आसन ग्रहण गर्नुभयो । साथै संचालक समितिका अन्य सदस्यज्यूहरु, कम्पनीका पदाधिकारी, आमन्त्रित प्रतिनिधि, पर्यवेक्षक समेतलाई सभास्थलको मञ्चमा आई बस्न कम्पनी सचिवले अनुरोध गरे बमोजिम उहाँहरु समेतले आसन ग्रहण गर्नुभयो ।

८)	**सञ्चालक समितिको वार्षिक प्रतिवेदनको प्रस्तुती**

सभापति महोदयले उपस्थित शेयरधनी महानुभावहरुलाई हार्दिक स्वागत गर्दै बाइसौं वार्षिक साधारण सभाको कार्यक्रम अघि बढाउनु भयो । यसरी सभाको कार्यक्रम अघि बढाउने क्रममा सभापति महोदयले सञ्चालक समितिको तर्फबाट सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभामा प्रस्तुत गर्नुभयो तथा शेयरधनी महानुभावहरुलाई प्रतिवेदनमा छलफल गरि पारित गरिदिन अनुरोध गर्नुभयो ।

९)	**बाइसौं वार्षिक प्रतिवेदन तथा वित्तीय विवरणको प्रस्तुति**

सभाका सभापतिज्यूले संचालक समितिको तर्फबाट कम्पनीको बाइसौं वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०८१/८२ को वासलात, नाफा–नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र अनुसुचीहरु तथा सभामा प्रेषित अन्य प्रस्तावहरु सभामा छलफलका लागि प्रस्तुत गर्नुभयो ।

१०)	**छलफलको लागि आह्वान**

साधारण सभामा शेयरधनीहरुले निर्धारित विषयसूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (६) मा भए अनुरुप सभापतिज्यूले सञ्चालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०८१/८२ को वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, अनूसूचीहरु तथा सभामा प्रस्तुत विषयहरुमा छलफलको लागि आ-आफ्नो मन्तव्य, विचार, जिज्ञासा तथा सुझावहरु राख्न चाहने शेयरधनी महानुभावहरुलाई सहभागी हुन अनुरोध गर्नुभयो ।

ICFC FINANCE LIMITED ICFC

११) **छलफलमा सहभागी हुने शेयरधनीहरु र नीजहरुले व्यक्त गरेका धारणाको संक्षिप्त विवरणः**

**१. अमिर दास रञ्जित :** आइ.सि.एफ.सि.फाइनान्सले १५.७८९५ प्रतिशत नगद लाभांश दिएकोमा र पौष मसान्त अगावै मंसिर मसान्तको दिन साधारणसभा सञ्चालन गरेकोमा धन्यबाद दिनु भयो । संस्थाको निष्कृय कर्जाको अनुपात विगत वर्षभन्दा कम रहेकोले संस्थाको कार्य सहरानिय रहेको बताउनु भयो । संस्थाले गर्ने सामाजिक उत्तरदायित्व कार्यहरु अझ धेरै प्रचारप्रसार गर्नुपर्ने, संचालन मुनाफा वृद्धि गर्ने तथा आगामी वर्षमा लाभांश वितरण गर्दा नगद लाभांश र बोनश शेयरको समान अनुपातमा वितरण गर्न सुझाव व्यक्त गर्नुभयो । अन्तमा यस कंम्पनीको सञ्चालक समिति र व्यवस्थापनलाई धन्यवाद व्यक्त गर्दै, कम्पनीको उत्तरोत्तरप्रगतिको कामना गर्नुभयो ।

**२. जगन्नाथ आचार्य :** आइ.सि.एफ.सि.फाइनान्सको सञ्चालक समितिका अध्यक्षज्यु, सञ्चालक समिति, प्रमुख कार्यकारी, व्यवस्थापन समिति र कम्पनि सचिव श्री लक्ष्मणप्रसाद जैसी ज्यूमा नमस्कार । संस्याले १५.७८९५ प्रतिशत नगद लाभांश वितरण गरेकोमा धन्यबाद दिनु भयो । हालको परिस्थिति अनुसार संस्थाले कर्जा असुलिमा आवद्ध हुने कर्मचारीको सुरक्षा तथा थप भत्ता दिनुपर्ने, कम्पनीको चल तथा अचल सम्पत्तिको भरपर्दो बिमा कम्पनीमा बिमा गर्न, राष्ट्र बैंक र बाह्य लेखापरिक्षणको सुझाव कार्यान्वयन गर्न, कर्मचारीको वृत्ति विकास र कार्यअनुसार इनाम दिने सुझाव व्यक्त गर्नुभयो ।

**३. श्री दामोदर प्रसाद रेग्मी :**
आइ.सि.एफ.सि.फाइनान्सको सञ्चालक समिति, व्यवस्थापन समिति तथा शेयरधनी महानुभावहरुज्यूमा नमस्कार । वाणिज्य बैंक तथा विकास बैंकहरुको भन्दा धेरै नगद लाभांश वितरण गरेकोमा धन्यबाद दिनु भयो । संस्थाको मुख्य सूचकाङ्कहरुको स्थिती एकदमै प्रशंसायोग्य रहेको र Loan Loss Provision बढि रहेकोमा ध्यान दिन र कम गर्न सुझाव व्यक्त गर्नुभयो । आइ.सि.एफ.सि. को प्रगतिको कामना गर्दै साथै, आगामी वर्षमा आकर्षक लाभांश वितरण गर्नका लागि शुभकामना व्यक्त गर्नुभयो ।

**४. बैजुनाथ रौनियार**
आइ.सि.एफ.सि. फाइनान्स लि.को २२औं वार्षिक साधारण सभाका श्री अध्यक्षज्यु तथा संचालक समितिका सदस्यहरु, श्री प्रमुख कार्यकारी अधिकृतज्यु, श्री कम्पनी सचिवज्यु तथा व्यवस्थापनका अधिकृतहरु तथा सम्पुर्ण कर्मचारीहरु र शेयरधनी दाजुभाइ दिदि बहिनीहरुमा नमस्कार छ । संस्याले प्रदान गरेको १५.७८९५ प्रतिशत नगद लाभांश, विगतको तुलनामा यस आर्थिक वर्षमा निष्कृय कर्जाको अनुपात ह्रास, प्रति शेयर आम्दानीमा वृद्धि, खुद नाफामा वृद्धि, नेटवर्थ प्रति सेयरमा वृद्धि रहेको मा संस्थालाई धन्यबाद दिनु भयो । फाइनान्सलाई सबल र विश्वसनीय बनाउने तर्फ आवश्यक प्रविधि, जोखिम व्यवस्थापन, कर्मचारी व्यवस्थापन सुद्दढ एवं उत्कृष्ट सेवा सुविधा आदिमा जोड दिनु पर्ने सुझाव दिनुभयो । संस्थाले Finance of the Year 2025 अवार्ड पाएकोमा धन्यवाद दिदै र सामान्य प्रस्ताव र विशेष प्रस्ताव पेश भएकोमा उक्त प्रस्तावहरुमा आफ्नो पुर्ण सहमत रहेको जानकारी गर्नुभयो ।

**५. लक्ष्मण बहादुर श्रेष्ठ**
समयलाई मध्यनजर गर्दै बार्षिक साधारणसभा समय मै गर्नु भएकोमा सेयरधनीलाई १५.७८९५ प्रतिशत नगद लाभांश दिएकोमा धन्यवाद दिनु भयो । आगामी वर्षमा प्रथम त्रैमासिम भित्र गर्न र लाभांस बोनस र नगद को ५०/५० अनुपातमा प्रतिफल दिन, संचालक र व्यवस्थापन कर्जा असुलीमा विशेष ध्यान दिन पनि अनुरोध गर्नुभयो । संस्थाका कर्मचारी प्रति आभार प्रकट गर्दै साधारण सभामा पेश हुने सबै एजेण्डामा पुर्ण समर्थन जनाउदै यो वार्षिक साधारणसभाको सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

ICFC FINANCE LIMITED

**६. चन्द्रनारायण श्रेष्ठ**

आइ.सि.एफ.सि.फाइनान्स लि.ले ०८०।८१ मा भन्दा तिन गुणा प्रतिफल १५.७८% ले रु.१८.६८६४ करोड लाभाशं बाडने प्रस्ताव वितरण गरेकोमा धन्यबाद दिनु भयो । संस्थाको कुल मुनाफामा उल्लेखनिय वृद्धि भएकोमा, Finance of the Year 2025 अवार्ड पाएकोमा खुशी व्यक्त गर्दै कम्पनीको उत्तर प्रगति, निक्षेपकता, कर्मचारी शेयरधनी सबैको भलो होस् भनी वार्षिक साधरण सभाको सफलताको कामना गर्नुभयो ।

**७. भेषराज भण्डारी**

समीक्षा वर्षको वित्तिय सूचकंहरु माथि दृष्टिगत गर्दा राष्ट्रिय तथा अन्तराष्ट्रिय विषम परिस्थितिमा पनि कर्जामा १८.१२% बृद्वि हुन, निक्षेपमा ९.९२% को बृद्वि, निष्कृय कर्जा ३.६८ बाट घटाएर १.८४ पुरयाउन सफल भएको र अन्य सूचकाङ्कहरु पनि सकरात्मक रहेको भन्दै संस्थालाई धन्यबाद दिनु भयो । लेखापरीक्षक नियुक्ति गर्दा ICAN को निर्देशन र मापदण्ड अनुरुप गर्न, संस्थागत सामाजिक उत्तरदायित्व अन्तरगत खुद नाफा को १% खर्च गर्न पाउने व्यवस्था बमोजिम गरिब तथा बिपन्नको शिक्षा र स्वाथ्यमा खर्च गर्न सुझाव दिनुभयो ।

**८. निरुपमा गुप्ता**

आइ.सि.एफ.सि.फाइनान्सले पौष मसान्त अगावै मंसिर मसान्तको दिन साधारणसभा सञ्चालन गरेकोमा धन्यबाद । संस्थाको खर्च नियन्त्रण गरी संचालन मुनाफा वृद्धि गर्ने तथा आगामी वर्षका लागि रणनीति तयार गरी संस्था संचालन सुझाव दिदै साधारण सभाका सम्पूर्ण प्रस्तावहरुमा समर्थन रहेको जानकारी गराउन भयो ।

**१२. सभापतिज्यूको प्रतिउत्तर:**

सभापतिज्युको आज्ञाले संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री सुनिल पन्तले वार्षिक साधारण सभालाई सार्थक तथा जीवन्त बनाउन शेयरधनी महानुभावज्यूहरुले दिनुभएको सुझावहरुको सराहनीय गर्दै उहाँहरुलाई आफ्नो बहुमूल्य समय निकाली साधारणसभामा सक्रीय भाग लिइदिनु भएकोमा धन्यवाद दिँदै सभामा उठेका जिज्ञासाहरुको बुँदागद जबाफ दिनुभयो तथा शेयरधनीहरुको जिज्ञासा र सुझावहरुमा विस्तृत रुपमा विवेचना गरी शेयरधनीहरुको रचनात्मक सुझावहरु क्रमश: लागू गर्ने जानकारी गराउनु भयो ।

**१३) सभाका निर्णयहरु**

**क. साधारण प्रस्तावको सम्बन्धमा सभाबाट भएका निर्णयहरु**

१. आर्थिक वर्ष २०८१/८२ को संचालक समितिको बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।:- बाइसौं वार्षिक साधारणसभामा संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुभएको वार्षिक प्रतिवेदन उपर विस्तृत छलफल पश्चात् पारित गरी दिन सभापति महोदयले पेश गर्नुभएको प्रस्तावलाई सर्वसम्मतिबाट पारित गरियो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तसम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०८१/८२ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण उपर छलफल गरी स्वीकृत गर्ने .:- सभापतिज्युले पेश गर्नुभएको लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तसम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०८१/८२ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र तत् सम्बन्धी अनुसूचीहरु उपर छलफल गरियो र सर्वसम्मतिबाट पारित गरियो ।

ICFC FINANCE LIMITED ICFC

३. संचालक समितिबाट प्रस्ताव गरे बमोजिम कम्पनीको चुक्ता पूँजीको १५.७८९५ प्रतिशतका दरले हुने नगद लाभांश रु.१८,६८,६४,१४७/२३ (अक्षरुपी अठार करोड अठसट्ठी लाख चौसट्ठी हजार एक सय सत्तचालीस र दुई तीन पैसा मात्र । ) (नगद लाभांशको कर प्रयोजनको लागि समेत) वितरण गर्न स्वीकृत गर्ने :- सञ्चालक समितिले सिफारिस गरे बमोजिम २०८२ आषाढ मसान्तको नाफाबाट रु.१८,६८,६४,१४७/२३ (अक्षरुपी अठार करोड अठसट्ठी लाख चौसट्ठी हजार एक सय सत्तचालीस र दुई तीन पैसा मात्र । ) (नगद लाभांशको कर प्रयोजनको लागि समेत) नगद लाभांश शेयरधनीहरुमा वितरण गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८२/८३ को लागि बाह्य लेखा परीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३(२) को प्रतिबन्धात्मक वाक्यांश अनुसार बर्तमान लेखापरीक्षक श्री एन.अमात्य एण्ड कं. चार्टड एकाउन्टेन्टस् पुन:नियूक्ति हुन सक्नुहुने छैन ।):-आर्थिक वर्ष २०८२/८३ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्ने क्रममा सभापतिज्यूले कम्पनीको लेखापरीक्षण समितिमा पेश भएको तीनवटा प्रस्ताव श्री एस.ए.आर.एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्टस्, श्री जेके एण्ड एसएस एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्टस् र श्री एम. आर.यु. एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्टस्, को प्रस्ताव मध्ये लेखापरीक्षक **श्री एस.ए.आर.एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्टस्लाई** लेखापरीक्षण शुल्क वापत रु.८,००,०००/- (अक्षेरुपी आठ लाख मात्र) (भ्याट बाहेक) प्रदान गर्ने गरी नियुक्त गर्न लेखापरीक्षण समितिले सिफारीस गरेको व्यहोरा सभालाई अवगत गराउनु भयो र सो उपर छलफल हुँदा लेखापरीक्षण समितिको सिफारिस अनुसार **श्री एस.ए.आर.एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्टस्लाई** लेखापरीक्षण शुल्क वापत **रु.८,००,०००/- (अक्षेरुपी:- आठ लाख मात्र) (भ्याट बाहेक)** प्रदान गर्ने गरी आ.व. २०८२/८३ को बाह्य लेखापरीक्षकमा नियुक्त गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

**ख. विशेष प्रस्तावको सम्बन्धमा सभाबाट भएका निर्णयहरु**

१. सञ्चालकको सेवा सुविधा थप गर्ने र सो अनुरुप संस्थाको नियमावलीको दफा २९(ख) र २९(ग) मा संशोधन गर्ने :- सञ्चालकको सेवा सुविधा थप गर्ने र सो अनुरुप संस्थाको नियमावलीको दफा २९(ख) र २९(ग) मा संशोधन गर्न स्वीकृती प्रदान गर्ने ।

२. कम्पनीको नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट कुनै फेरवदल सुझाव भएमा सो अनुसार आवश्यक फेरवदल गर्न सञ्चालक समितिलाई अख्तियारी दिन स्वीकृत गर्ने :- कम्पनीको नियमावलीका दफा २९(ख) तथा २९(ग) संशोधन गर्ने सम्बन्धी विषेश प्रस्तावहरु तपसिल बमोजिम सर्व सम्मतीबाट पारित गरियो तथा उक्त संशोधन नियमनकारी निकायले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप आवश्यक समायोजन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

ICFC FINANCE LIMITED

तपसिल

## आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड
## नियमावलीको विशेष प्रस्तावित संशोधनको विवरण

**नियमावली**

<table>
<tr><th>सि. नं.</th><th>हालको व्यवस्था</th><th>प्रस्तावित संशोधन</th><th>संशोधन गर्नुपर्ने कारण</th></tr>
<tr><td>१.</td><td>दफा २९(ख)<br>संचालक समितिको प्रत्येक बैठकमा उपस्थित भए वापत अध्यक्षले रु.१२,०००/- र सञ्चालकहरुलाई रु.१०,०००/- बैठक भत्ता भुक्तानी गरिने छ ।</td><td>दफा २९(ख)<br>संचालक समितिको प्रत्येक बैठकमा उपस्थित भए वापत अध्यक्षले रु.१५,०००/- र सञ्चालकहरुलाई रु.१३,०००/- बैठक भत्ता भुक्तानी गरिने छ ।</td><td>समयानुकुल सञ्चालकहरुको सुविधा बढाउन आवश्यक भएकोले ।</td></tr>
<tr><td>२.</td><td>दफा २९(ग)<br><br>वित्तिय संस्थाको कामको सिलसिलामा हुने व्यावसायिक भ्रमण खर्च देहाय बमोजिम रहेको छ ।<br><br>५) नेपाल<br>होटल सुविधा<table><tr><th>तह</th><th>(५) ने.रु.</th></tr><tr><td>अध्यक्ष</td><td>३,०००/-</td></tr><tr><td>सञ्चालक</td><td>३,०००/-</td></tr></table><br>दैनिक खाना भत्ता<table><tr><th>तह</th><th>(५) ने.रु.</th></tr><tr><td>अध्यक्ष</td><td>२,५००/-</td></tr><tr><td>सञ्चालक</td><td>२,५००/-</td></tr></table></td><td>दफा २९(ग)<br><br>वित्तिय संस्थाको कामको सिलसिलामा हुने व्यावसायिक भ्रमण खर्च देहाय बमोजिम रहेको छ ।<br><br>५) नेपाल<br>होटल सुविधा<table><tr><th>तह</th><th>(५) ने.रु.</th></tr><tr><td>अध्यक्ष</td><td>१०,०००/-</td></tr><tr><td>सञ्चालक</td><td>८,०००/-</td></tr></table><br>दैनिक खाना भत्ता<table><tr><th>तह</th><th>(५) ने.रु.</th></tr><tr><td>अध्यक्ष</td><td>५,०००/-</td></tr><tr><td>सञ्चालक</td><td>५,०००/-</td></tr></table></td><td>२०७३ साल देखि भ्रमण खर्च समायोजन नभएकोले समयानुकुल सञ्चालकहरुको सुविधा बढाउन आवश्यक भएकोले ।</td></tr>
</table>

ग. **विविध**

**१४) धन्यवाद ज्ञापन तथा सभाको बिसर्जन**

अन्त्यमा सभापतिज्यूले सभामा छलफल गर्नुपर्ने अन्य प्रस्ताव नभएकोले उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुबाट प्राप्त अमूल्य सुझाव तथा सल्लाहको लागि हार्दिक धन्यवाद दिनुभयो । त्यसै गरी कम्पनीको बाइसौं वार्षिक साधारण सभा सम्पन्न गर्न सहयोग पुऱ्याउने सम्पूर्ण कर्मचारी वर्ग लगायत व्यवस्थापन टोली, नेपाल राष्ट्र बैंक, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, नेपाल धितोपत्र बोर्ड, सिडिएस एण्ड क्लियरिङ्ग लि., कम्पनी रजिष्ट्रारको कार्यालय तथा लेखापरीक्षक, कानूनी सल्लाहकार लगायत सम्पूर्ण संचालकहरुले पुऱ्याउनु भएको सहयोगको लागि आभार व्यक्त गर्नुभयो ।

तत्पश्चात् सभापतिज्यूले अपरान्ह १२:३० बजे सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

ICFC FINANCE LIMITED

| | | |
|---|---|---|
| ............................ | | ..................... |
| (लक्ष्मणप्रसाद जैसी) | | (सुशीलकुमार अर्याल) |
| कम्पनी सचिव | | सभापति |